का.जि.प्र.का.द.नं. १००/०५९/६०

२२ असोज २०८१,
मंगलबार
8 October, 2024
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक २३८ । पृष्ठ १०   Madhyanha National Daily   www.madhyanhadaily.com

# घर फर्किनेको ताँती

संघीय राजधानी काठमाडौंको नयाँ बसपार्क, कलंकी, बल्खु, कोटेश्वर क्षेत्रमा घर फर्किने यात्रुको भीड र सवारी साधनको चाप बढेको उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।



*नयाँ बसपार्कमा सोमबार दशैंका लागि घर जान आएका सर्वसाधारणको घुइँचो । तस्बिर : हरिराम भेटुवाल, रासस*

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २१ असोज ।

दशैंमा घर जानेहरूका कारण उपत्यकाबाट बाहिरिने चोक र बसपार्कमा यात्रुहरूको ताँती लागेको छ । प्रहरीका अनुसार संघीय राजधानी काठमाडौं छोडेर घर जानेको संख्या दिनहुँ बढ्दो छ । दशैंका लागि घर जाने तथा अग्रिम टिकट लिनेका कारण काठमाडौंको गोंगबुको रहेको नयाँ बसपार्कमा घुइँचो लागेको छ ।

दशैंको आगमनसँगै विभिन्न कामका लागि राजधानी रहेकाहरू दशैं सुरु भएसँगै घर फर्किन थालेका हुन् । यसले कारण बालाजुस्थित नयाँ बसपार्कमा चहलपहल निकै बढेको हो ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार काठमाडौंबाट बसमा, मोटरसाइकलमा काठमाडौं उपत्यकाबाट बाहिरिनेको संखया उच्च छ । घटस्थापना सुरु भएसँगै विद्यालयमा बिदा सुरु हुन थालेपछि गाउँ फर्किनेहरू बढेका हुन् । नयाँ बसपार्कमा गाउँ फर्कनेहरुको भीड बढेको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ ।

यात्रुहरुको भीड बढेसँगै नयाँ बसपार्कमा हेल्प डेक्स स्थापना गरी यात्रुलाई सहज रुपम यात्रा गराउन थालिएको छ ।

दशैं मनाउनका लागि कर्मथलो छोडेर घर फर्किनेको लर्को लागेपछि काठमाडौंका नाकामा सवारीको चाप बढ्दै गएको प्रहरीले जनाएको छ । काठमाडौंको नयाँ बसपार्क, कलंकी, बल्खु, कोटेश्वर क्षेत्रमा घर फर्किने यात्रुको भीड र सवारी साधनको चाप बढेको उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

यात्रुको भीड र सवारी साधनको चाप बढेपछि राजधानी काठमाडौं छिर्ने र बाहिरिने नाकामा सवारी जाम बढ्न थालेको छ । दशैं नजिकिएसँगै काठमाडौं उपत्यका छाड्ने र घर जानेको सङ्ख्या बढ्दै गएको हो । वर्षाका कारण बाटोको अवस्था खराब छ, तैपनि घर जाने यात्रुले गाडी भरिभराउ भएका छन् ।

चाडपर्व लक्षित सुरक्षा योजना लागू गरिएको छ । यस अन्तर्गत चार हजार प्रहरी परिचालित गरिएको छ । दसैं, तिहार र छठलाई लक्षित गरेर निर्माण गरिएको सुरक्षा योजना सफल पार्न देशभर प्रहरी परिचालन गरिएको हो ।

चाडपर्वको बेला हुनसक्ने अवाञ्छित तथा आपराधिक गतिविधिलाई रोकथाम, नियन्त्रण गर्न तथा सडक सुशासन कायम गर्न उक्त योजना निर्माण गरी तत्काल कार्यान्वयनमा ल्याइएको छ ।

चाडपर्वका समयमा जुवातास खेल्ने, मादक पदार्थ सेवन गरी विभिन्न आपराधिक घटना हुनेसक्ने, सवारी दुर्घटनाका घटना, बैंक तथा वित्तीय संघसंस्थालगायत क्षेत्रमा हुने लुटपाट, चोरी, डकैती, गुण्डागर्दी, पाकेटमारीजस्ता आपराधिक गतिविधि कम तथा निरुत्साहित गर्ने उद्देश्यले एकीकृत सुरक्षा योजना कार्यान्वयनमा ल्याइएको प्रहरीले जनाएको छ ।

भवितव्य वा आकस्मिक रुपमा कुनै घटना घट्दा परिचालित प्रहरी जनशक्ति अपुग भएमा रिजर्भ टोलीले सहयोग गर्ने योजना छ । मोबाइल गस्ती टोलीमा, मोटरसाइकल गस्तीमा, पैदल गस्तीअन्तर्गत गस्तीमा, तत्काल प्रतिकार्य टोली (क्युआरटी) परिचालन गरिएको छ । लामो तथा छोटो दूरीको एक सय गस्तीमा, स्ट्राइकिङ नौ स्थानमा र मातहत प्रहरी अनुगमनमा प्रहरी परिचालन गरिएको छ ।

चाडपर्वको बेला
सुरक्षित यात्रा गरौं

*चाडपर्वमा यात्रुको चाप बढ्ने भएकोले,*

- पर्याप्त संख्या र नियमितरुपमा सवारीसाधन संचालन गरौं ।
- सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं ।
- सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं ।
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं ।
- सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं ।
- मादकपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं ।
- दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# पार्टीमा पेलिँदै रावल

भीम रावलले सामाजिक सञ्जालमा राख्ने स्टाटसमा समेत पार्टीले विज्ञप्ति निकालेर विरोध गर्न थालेको छ । यसले उनीमाथि पार्टीको निगरानी कति छ भन्ने देखाएको नेताहरु बताउँछन् ।

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, २१ असोज ।

नेकपा एमालेका नेता भीम रावललाई पार्टीले सामाजिक सञ्जालमा लेख्दा ख्याल गर्न भनेको छ । एमाले सुदूरपश्चिम प्रदेश अध्यक्ष कृष्णप्रसाद जैसीले सोमबार विज्ञप्ति निकालेर भ्रम नफैलाउन भनेका हुन् ।



पार्टी अध्यक्ष केपी शर्मा ओलीसँगको भेटको विषयलाई लिएर रावलले सामाजिक सञ्जालमा लेखेपछि जैसीले विज्ञप्ति निकालेर रावलले भ्रम फैलाएको आरोप लगाएका हुन् । 'पार्टी केन्द्रीय अध्यक्षसँग एक पटक संवाद भइसकेपछि निरन्तरता दिनुपर्नेमा बोलाएपछि मात्र जान्छु भन्ने र अन्य नेतृत्वसँग आफ्नो व्यक्तिगत केही छैन भनिसकेपछि सामाजिक सञ्जालमा लेखिरहने प्रवृत्ति पार्टीको लागि घातक हुने भएकाले केन्द्रीय अध्यक्षसँगै वार्ता अगाडि बढाउन तथा तल्ला कमिटी तथा पार्टीका कार्यकर्ता र शुभेच्छुकको

पृष्ठ २ मा

# आधा जनसंख्यामा खाद्य असुरक्षा

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार नेपालको कूल जनसंख्याको ५२ प्रतिशत घरधुरीमा खाद्यको असुरक्षा देखिएको छ । त्यसमध्ये पनि खाद्य असुरक्षा २० प्रतिशत, मध्यम प्रकारको खाद्य असुरक्षा २२ प्रतिशत र गम्भीर प्रकारको खाद्य असुरक्षामा १० प्रकार घरधुरी रहेका छन् ।



> कार्बोहाइड्रेट मात्रै खानका लागि प्रतिपरिवार १४१ रुपैयाँ खर्च गर्न सकेका छौं । यसलाई पोषण युक्त बनायो ३४८ रुपैयाँ हुन्छ । २४७ रुपैयाँ महँगो पर्छ । यस्तो खानामा खर्च गर्न सक्ने परिवार २२ प्रतिशत मात्रै छन् ।
>
> **डा. राम कृष्ण श्रेष्ठ**
> **सहसचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

**शिव विक/मध्यान्ह**
काठमाडौं, २१ असोज ।

नेपालको आधा जनसंख्यामा खाद्य असुरक्षा रहेको पाइएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार नेपालको कूल जनसंख्याको ५२ प्रतिशत घरधुरीमा खाद्यको असुरक्षा छ । त्यसमध्ये पनि खाद्य असुरक्षा २० प्रतिशत, मध्यम प्रकारको खाद्य असुरक्षा २२ प्रतिशत र गम्भीर प्रकारको खाद्य असुरक्षामा १० प्रकार घरधुरी रहेका छन् ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव डा. राम कृष्ण श्रेष्ठका अनुसार शरीरलाई चाहिने सूक्ष्म, भिटामिन, मिनिरल विभिन्न प्रकार आवश्यक पर्छ । उक्त खाद्य तत्व प्राप्त हुन नसकेको अवस्था खाद्य असुरक्षा हो ।

उनी भन्छन्, 'कार्बोहाइड्रेट मात्रै खानका लागि प्रतिपरिवार १४१ रुपैयाँ खर्च सकेका छौं । यसलाई पोषण युक्त बनायो ३४८ रुपैयाँ हुन्छ । २४७ रुपैयाँ महँगो पर्छ । यस्तो खानामा खर्च गर्न सक्ने

पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### वैदेशिक रोजगारीका क्रममा ज्यान गुमाएका मृतकका आश्रित परिवारले पाउने क्षतिपूर्तिमा वृद्धि

# सात लाख रुपैयाँलाई बढाएर पुऱ्याइयो १० लाख

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ असोज

वैदेशिक रोजगारीका क्रममा ज्यान गुमाएका मृतकका आश्रित परिवारले १० लाख रुपैयाँ क्षतिपूर्ति पाउने भएका छन् । सरकारले हाल मृतकका परिवारले पाउने क्षतिपूर्तिबापतको रकम ७ लाख रुपैयाँमा ३ लाख थप गरेर १० लाख रुपैयाँ बनाएको हो ।

क्षतिपूर्ति रकम बढेपनि श्रम स्वीकृतिका लागि वैदेशिक रोजगारमा जाने कामदारले थप रकम कोषमा बुझाउनुपर्ने छैन । हाल वैदेशिक रोजगारीमा जाने कामदारले श्रम स्वीकृतिका लागि कल्याणकारी कोषका लागि २ हजार ५ सयसम्म जम्मा गर्नुपर्ने प्रावधान छ । ३ वर्षभन्दा थोरै समयका लागि रोजगारीमा जानेले १५ सय र ३ वर्षदेखि १० वर्षसम्मको समयका लागि जानेले कल्याणकारी कोषमा २५ सय बुझाउनुपर्ने व्यवस्था छ ।

मन्त्रिपरिषद्ले वैदेशिक रोजगार नियमावली २०६४ मा छैटौं संशोधन गरेर ७ लाखको क्षतिपूर्ति रकमलाई १० लाख पुऱ्याएको हो । २०७४ सालसम्म वैदेशिक रोजगारका क्रममा मृत्यु हुने आश्रित परिवारले ३ लाखको क्षतिपूर्ति रकम पाउने गरेकोमा सो वर्ष त्यसमा ४ लाख बढाएर ७ लाख बनाइएको थियो । नियमावली राजपत्रमा प्रकाशित भएपछि कार्यान्वयनमा आउने छ ।

नियमावली परिवर्तनपछि बीमा र अन्य क्षतिपूर्तिसहित मृतकका परिवारले २३ लाख रुपैयाँभन्दा बढी क्षतिपूर्ति पाउनेछन् । हाल मृतक कामदारका परिवारले बीमा कम्पनीबाट पोलिसीको शर्तअनुसार १४ लाख रुपैयाँसम्म पाउने गरेका छन् ।

कोषका लागि कुनै थप स्रोत खोजी नगरी क्षतिपूर्ति रकम ७ लाखबाट १० रुपैयाँ बनाउँदा कोषको रकम सकिन समय नलाग्ने बोर्डका अधिकारीहरूको भनाइ रहँदै आएको छ । हाल साप्ताहिक औसतमा २० जना मृतकका आश्रित परिवारले क्षतिपूर्ति बुझ्ने गरेका छन् ।

त्यसैगरी घाइते वा अंगभंग भाएका कामदारको उपचार खर्च पनि बोर्डले व्यहोर्ने नियमावलीमा

पृष्ठ २ मा



# उमेरहद देखाएर निकालिएका श्रमिकको पक्षमा कानूनी लडाइँ लड्ने चेतावनी

**लेखनाथ सिकारू/मध्यान्ह**
काठमाडौं, २१ असोज

वीर अस्पतालमा कार्यरत १० जना श्रमिकलाई उमेरहदको बहाना बनाएर कामबाट निष्कासन गरेको भन्दै श्रमिकहरूको पक्षमा वकालत गर्दै आएको नेपाल सुरक्षा ट्रेड युनियन र नेपाल स्वतन्त्र आउटसोर्स श्रमिक संगठनले निर्णय सच्याउन ध्यानाकर्षण गराएका छन् ।

संगठनले सोमबार वीर अस्पतालको प्राङ्गणमा पत्रकार सम्मेलन गरी आफ्नो ध्यानाकर्षण भएको जनाउँदै निर्णय नसच्याए श्रमिकको हक र हितको पक्षमा जस्तोसुकै लडाइँ लड्ने चेतावनी दिए ।

मुख्य रोजगारदाता संस्था वीर अस्पताल प्रशासनले पचास वर्षे उमेर हद कायम गरी सहायक रोजगारदाता संस्था इनफोटिचमार्फत ९ जना श्रमिकलाई निकालेको मजदुर संगठनका नेताहरूको आरोप छ।

५८ वर्षसम्म काम गर्ने पाउने अधिकारलाई नियम विपरित



सामन्ती प्रशासकले श्रम गरी खानबाट वञ्चित गरेको नेपाल सुरक्षा श्रमिक ट्रेड युनियनका महासचिव वेदप्रसाद हुमागाँईले बताए ।

उनले पत्रकार सम्मेलनमा भने,'वीर अस्पतालको डाइरेक्टर आफू ६३ वर्ष जागिर खान्छन्, तर श्रमिकलाई ५० वर्षे उमेर हद कायम गर्दै निकाल्छन् भने यो सरासर अन्याय हो ।' काम गर्न सक्ने स्वास्थ्य र तन्दुरुस्त कामदारहरूलाई हाजिर नगरी कामबाट निकालेर देखाउन उनले चुनौती समेत दिए ।

श्रमिकहरूको पक्षमा वकालत गर्दै आएको नेपाल सुरक्षा ट्रेड युनियनका अध्यक्ष प्रेमबहादुर कार्की र नेपाल स्वतन्त्र आउटसोर्स श्रमिक संगठनका अध्यक्ष तारादेवी केसीले संयुक्त प्रेस विज्ञप्ति नै जारी गर्दै उनीहरुको पुनर्वहली गरी हाजिर नगराए कानूनीदेखि अन्य सबै लडाइँ लड्ने चेतावनी दिएकी छन् ।

नेपाल सुरक्षा श्रमिक ट्रेड यूनियनका अध्यक्ष प्रेम बहादुर कार्कीका अनुसार सहायक रोजगारदाता कम्पनीले प्रशासनको दबाबमा मनोमानी नीति बनाएर ९ जान श्रमिकलाई निष्कासन गरेको हो । टेण्डरको नाममा श्रम कानुन विपरित हाजिर गर्न वञ्चित श्रमिकलाई कानून बमोजिम हाजिर गराउन भन्दै उनले भने,'श्रम ऐन २०७४ को दफा १४७ मा ५८ वर्ष काम गर्न पाउने व्यवस्था छ ।' उक्त कानूनको पालन नगरी कामदार निकाल्नु नीति विपरित रहेको कार्कीको ठहर छ ।

मनोमानी नीति बनाएर हटाउने कार्य सच्याएर निष्कासन गरिएका सबै जना कर्मचारीलाई पुनर्वहाली नगरिए चरणबद्ध आन्दोलनका गरिने केसीले बताए । इनफोटिच रोजगारदाताले दादागिरी गरि काम गर्न नदिए वीरको प्राङ्गणमा नै अनशन शुरु गर्ने भन्दै मजदुरको पक्षमा बोल्ने अधिकांश बक्ताहरुले सरोकारवालाहरु सच्चिनुपर्ने धारणा राखेका थिए ।

पत्रकार सम्मेलनमा पीडित कर्मचारीहरूले 'श्रम कानून कार्यान्वयन गर', 'श्रम माफिया र विचौलिया होसियार,' 'काम गरी खान दे' 'ट्रेड युनियन अधिकार सुनिश्चित गर' जस्ता नारा लेखिएका प्लेकार्ड बोकेका थिए ।

कार्यक्रमको अन्त्यमा वीर प्रशासन र सहायक रोजगारदाताविरुद्ध आलोचनात्मक नारा लगाउनुका साथै वीर अस्पतालका डाइरेक्टरलाई वार्तामार्फत समस्या समाधान गर्न अपिल गरिएको थियो ।

वीर अस्पतालबाट यसरी निस्कासन भएका श्रमिकहरूमा बसुन्धरा रम्तेल, संगीता श्रेष्ठ, जुनकेरी श्रेष्ठ ,दिलबहादुर परियार, इन्द्र राना, मुना बजगाई, सन्ता नेपाल, चौबहादुर गुरुङ र हिरा नेपाली छन् । विगत लामो समयदेखि वीर अस्पतालको सरसफाइ देखि बिरामीको सेवामा कार्यरत उनीहरूलाई रोजगारदाता कम्पनी फेरिएसँगै सेवाबाट हटाइएको हो ।

विगत २ देखि १५ वर्ष सम्म निरन्तर रुपमा ज्यालादारीमा काम गर्दै आएका उनीहरूलाई मुख्य रोजगारदाताकै निर्देशनमा सेवाबाट बञ्चित गरिएको मजदुर संगठनका नेताहरूको आरोप छ।

# जुम्ला कारागारका कैदी र थुनुवाको स्वास्थ्य परीक्षण

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २१ असोज

जुम्ला कारागारका कैदीबन्दी तथा थुनुवाहरुको स्वास्थ्य परीक्षण गरिएको छ । जुम्ला कारागारका प्रशासक प्रमुख गया प्रसाद पाण्डेका अनुसार १ सय २३ जना कैदीबन्दी तथा थुनुवाको एचआईभी र क्षयरोग परीक्षण गरिएको हो ।

जिल्ला प्रहरी कार्यालय जुम्लाको आयोजना तथा जनस्वास्थ्य सेवा कार्यालय जुम्लाको समन्वयमा कैदी तथा थुनुवाको एचआईभी र क्षयरोग नमूना जाँच गरिएको हो । जिल्ला प्रहरी कार्यालयले आउँदै गरेको ६९औं प्रहरी दिवस २०८१ को अवसरमा निःशुल्करुपमा क्षयरोग परीक्षण गरिएको



प्रहरी नायव उपरीक्षक छेदीलाल कामतीले बताए । उनका अनुसार सबै कैदीबन्दीलाई एकै पटक अस्पताल पुर्‍याउन नसकिने भएकाले कागारभित्रै स्वास्थ्य जाँच गरिएको हो । पछिल्लो समय कैदीबन्दीहरुको स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै जिल्ला प्रहरी कार्यालय जुम्लाले स्वास्थ्य शिविरहरु सञ्चालन गर्दै आएको छ ।

जुम्लाका प्रमुख जिल्ला अधिकारी राम बहादुर शाहीले कारागारमा रहेका कैदीबन्दीहरुको स्वास्थ्य अवस्थाबारे जानकारी लिन, स्वास्थ्य सेवाको पहुँच बढाउन र कैदीबन्दीहरु बसेकै स्थानबाट स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक रहको बताए । कुनै जटिल प्रकारका रोगहरू समयमा नै पत्ता लगाइ अस्पतालमा पठाउन स्वास्थ्य शिविरले महत्वपूर्ण भूमिका निर्वाह गर्ने उनको भनाइ छ । जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आचार्यले कैदीबन्दीहरूको सामूहिक बसाइ, खानपान तथा जीवनशैलीलाई परिमार्जन गर्दै व्यक्तिगत सरसफाइ, खानपिन, जीवनशैलीमा सुधार ल्याउनेसमेतका विषयमा प्रहरीले सक्रियता देखाएको बताए । कारागारभित्र कैदीबन्दीलाई लक्षित गरी स्वास्थ्य जाँचको व्यवस्था मिलाउनु राम्रो पक्ष भएको उनले बताए ।

जनस्वास्थ्य कार्यालय जुम्लाका जनस्वास्थ्य निरीक्षक प्रेम सुमाइले जाँच गरिएकाहरुको रिपोर्ट मंगलबार मात्रै आउने जानकारी दिए ।

# शितगंगामा जनताको सरकार छ भन्ने अनुभूति हुने गरी काम गर्न आग्रह

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, २१ असोज

शितगंगा नगरपालिकाका अर्घाखाँचीका प्रमुख प्रशासकीय अधिकृत मदन बहादुर जिसीले शितगंगा नगरपालिकाको स्थानीय सरकार जनताको घरदैलोमा छ भन्ने सेवाग्राहीलाई महसुस हुनेगरी काम गर्न कर्मचारीलाई आग्रह गरेका छन् ।

जिसीले नगरपालिका भनेको जनताको घरदैलोको सरकार भएकाले सोही अनुसार जनतालाई महसुस हुने गरी मुस्कानसहितको सहज सरल गुणस्तरीय सेवा



सेवाग्राहीलाई उपलब्ध गराउन कर्मचारीहरुलाई आग्रह गरे ।

नवलपरासीको सुनवल नगरपालिकाबाट सरुवा भइ शितगंगा नगरपालिकामा हाजिर भइ कामकाज शुरु गरेका प्रमुख प्रशासकीय अधिकृत जिसीले शितगंगा नगरपालिकाका विषयगत शाखा प्रमुख, कर्मचारी, वडा कार्यालयका सचिव, कर्मचारीहरु, प्राविधिक इन्जिनियरहरु तथा मातहतका सबै कार्यालयहरुका कर्मचारीहरुलाई उनले मुस्कानसहितको सरल सहज सेवा दिन र सेवाग्राहीको कुनै गुनासो नआउने गरी सेवा प्रवाह गर्न नगरदेखि वडासम्मका कर्मचारीलाई आग्रह गरे ।

प्रमुख प्रशासकीय अधिकृत जिसीले वडा कार्यालयबाट हुने सेवालाई तुरुस्त दुरुस्त बनाइ सेवाग्राहीको मन जित्ने गरी काम गर्नु कर्मचारीको दायित्व भएको बताउँदै उनले वडाबाट दिइने सेवामध्ये व्यवसाय दर्ता नविकरण, नागरिकता सिफारिस, विवाह दर्ता, मृत्यु दर्ता, जेष्ठ नागरिक, परिचयपत्र विभिन्न खालका सिफारिस लगायत वडाबाट दिइने सबै सुविधा छिटोछरितो सेवा दिन कर्मचारीलाई अनुरोध गरे । प्रमुख प्रशासकीय अधिकृत जिसीले शितगंगा नगरपालिकामा आफु हाजिर भएपछि नगरपालिकाभित्रको दैनिक प्रशासनिक कामको सुधार मुस्कानसहितको सेवालाई पहिलो प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

**पार्टीमा...**

बीचमा भ्रम नछर्न चेतावनी दिन चाहन्छु,' अध्यक्ष जैसीले विज्ञप्तिमा लेखेका छन् ।

गत महाधिवेशनमा रावल केपी शर्मा ओलीसँग अध्यक्षमा चुनाव लडेका थिए । ओलीले आफूसँग चुनाव नलड्न भनेका थिए । नमानेर रावलले अध्यक्षमा प्रतिस्प्रर्धा गरेपनि उनी निरन्तर पार्टीमा जिम्मेवार बिहिन रहँदै आएका छन् ।

सोमबार प्रदेश अध्यक्षले समेत विज्ञप्ति निकालर रावलले लेनिनवादी संगठनात्मक सिद्धान्तसँग मेल नखाने गरी अनावश्यक रूपमा सामाजिक सञ्जालमा अन्तर्विरोध चर्काउने गरी लेखेको आरोप लगाएका हुन् ।

केही समय पहिले एमाले केन्द्रीय सचिव तथा सुदूरपश्चिम इञ्चार्ज लेखराज भट्टले दिएको अभिव्यक्तिबारे रावलले सामाजिक सञ्जालमा खण्डन गरेका थिए । रावलले सामाजिक सञ्जालमा लेखेपछि पार्टी प्रदेश अध्यक्ष जैसीले विज्ञप्ति निकालेर त्यसो नगर्न चेतावनी दिएका हुन् ।

'पार्टी तथा विभिन्न मोर्चामा पाँच दशक लामो यात्रा गर्नुहुने र पार्टी तथा सरकारको उच्च ओहोदामा काम गर्ने अवसर र अनुभव प्राप्त व्यक्तिले पार्टी र आन्दोलनको पक्षमा मात्रै वकालत गर्न आन्दोलन गर्दै यस्तै गतिविधि बढ्दै गए तपाईंप्रतिको कार्यकर्ताको विश्वास झन् झन् टुट्दै जाने विषयको समेत ध्यानाकर्षण गराउन चाहन्छु,' अध्यक्ष जैसीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

जैसीले विज्ञप्तिमार्फत 'सम्पूर्ण पार्टी पङ्क्ति एकताबद्ध हुन तथा भ्रममा नपर्न अपिल' गरेका छन् ।

**आधा...**

परिवार २२ प्रतिशत मात्रै छन् ।' खाद्य असुरक्षाको रेखामुनि रहेका ७६ राष्ट्रहरूमध्ये विश्वव्यापी भोकमरी सूचकांकमा नेपाल ४४ औं स्थानमा पर्छ । सरकारी निकायको प्रयासका कारण दीर्घ कुपोषण (पुड्कोपन)को अवस्थामा केही सुधार आएको छ । तर अझै पनि नेपाली बालबालिकामा ख्याउटेपनको समस्या भने देखिने गरेको छ । कृषिको उत्पादन, उपभोग बढेको छ । तर फास्ट फुड र प्याकेजका खाद्य वस्तु खाने प्रचलन बढेको छ । यसले पोषणयुक्त खानमा सहयोग नपुगेको अध्ययनले देखाएको छ । साना किसानले थेगेको कृषिलाई सुधार गर्नका लागि सरकारले रणनीति बनाउनुका साथै खाद्यय सुरक्षामा समेत काम गर्नुपर्नेमा सरोकारवालाहरूको जोड रहेको छ । सरकारले कृषि बीमाको रणनीति ल्याए पनि प्राकृतिक विपद्ले पुर्‍याएको क्षतिलाई सहयोग नगर्ने प्रबृत्ति छ । यसले पनि खाद्य सुरक्षामा समस्या पारेको छ ।

प्राकृतिक क्षतिलाई बीमाबाट सहयोग गर्न सकिन्छ । यसका लागि सरकारले कोष बनाउन सक्छ । किसानलाई चिन्ने आधार बढाउनु पर्नेछ । समुदाय तहमा गएर वास्तविक किसानको पहिचान गरेर जान सकिन्छ । यसले खाद्य सुरक्षामा सुधार ल्याउन सकिन्छ ।

**वैदेशिक...**

व्यवस्था गरिएको छ । बोर्डले वैदेशिक रोजगारमा मृत्यु तथा अंगभंग भएका व्यक्तिका आश्रित परिवारलाई राहतका लागि स्थानीय तहबाटै निवेदन दिने र सम्बन्धित हकवालाको बैंक खातामा रकम जम्मा गरिदिने व्यवस्था मिलाएको छ । त्यसले विगतमा जस्तो राहत रकम हात पार्न परिवारका सदस्यबीचको तानातानीको अन्त्य भएको बताइएको छ ।


"भविष्यको लागि जीवन बीमा गरी निश्चिन्त हुनुहोस् ।"

हाम्रा सेवाहरु:-

सावधिक जीवन बीमा, सावधिक (दोहोरो दूर्घटना लाभ समेत), बालबच्चाको शिक्षा तथा विवाह, जीवन साथी, जीवन सुरक्षा, म्यादी (मेरो जीवन बीमा र हाम्रो जीवन बीमा) र सामूहिक सावधिक जीवन बीमा (राष्ट्रसेवक समेत) ।

*"बीमाको क्षेत्रमा विश्वसनीय नाम"*

**राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड**
Rastriya Jeewan Beema Company Limited
प्रधान कार्यालयः- रामशाहपथ, काठमाडौं, फोन नं. ०१-५३६२५२०
ईमेलः- info@rbs.gov.np, वेभसाईटः-www.rbs.gov.np


**चैनपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**चैनपुर, संखुवासभा**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मितिः २०८१/०६/२२)**

यस नगरपालिकाद्वारा आ.व. २०८१/८२ मा सञ्चालन गर्नुपर्ने तपसिल बमोजिमको निर्माण कार्यका लागि मिति २०८१/०५/१६ गते राष्ट्रिय दैनिक पत्रिका मार्फत बोलपत्र आव्हान गरिए बमोजिम निर्धारीत समयावधि भित्र रितपूर्वक दर्ता भएका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव खोल्दा तपसिल बमोजिमको बोलपत्रदाताले रितपूर्वक कागजात, प्रमाण पेश गरेको हुँदा निजको कवोल अंक न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ को (९क) प्रयोजनार्थ सम्वन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | आयोजनको नाम | बोलपत्रदाताको नाम | कबोल अंक (मु.अ.कर र कन्टिन्जेन्सी बाहेक) |
|---|---|---|---|---|
| १. | CM/NCB/W/02/081/082 | चैनपुर नगरपालिका र प्राथमिक स्वास्थ्य चौकी माथिल्लो तल्ला ट्रस निर्माण | सत्य साई निर्माण सेवा, चैनपुर-३ | रु.४१,०६,९१७।०० |
| २. | CM/NCB/W/03/081/082 | वडा-१ प्रशासनिक भवन निर्माण | सत्य साई निर्माण सेवा, चैनपुर-३ | रु.४७,०७,७२९।०० |
| ३. | CM/NCB/W/04/081/082 | वडा-२ प्रशासनिक भवन निर्माण | सत्य साई निर्माण सेवा, चैनपुर-३ | रु.४०,४७,६७०।०० |

**(प्रमुख प्रशासकिय अधिकृत)**

**ठाकुरबाबा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सैनवार, बर्दिया**
**लुम्बिनी प्रदेश, नेपाल**

**बोलपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशन मिति :२०८१/०६/२२ गते**

यस नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अन्तरगत E-Bidding मार्फत तपशिल बमोजिमको सार्वजनिक खरिद कार्य गर्नुपर्ने भएकोले तपसिल कार्य गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| ठेक्का नं. | विवरण | बोलपत्र फारम दस्तुर | जमानत रकम | खाता विवरण |
|---|---|---|---|---|
| TBM/W/NCB-09/081/82 | Road Upgrading From Pratapur Peepal Chauatara To Sub Station Connecting Highway | ३०००/- | ४,००,०००/- | १) आन्तरिक राजस्व खाताः १६१२०५००२८२९६००२<br>२) धरौटी खाताः १६१२०५०५२३८८८०१३<br>बैंक : NIC Asia Bank, Bhurigaun Branch |
| TBM/W/NCB-10/081/82 | Shahipur to Chandanpurghat Blacktop road construction | ३०००/- | ३,३०,०००/- | |
| TBM/W/SQ-11/081/82 | Boundary Wall Construction in Krishna Parnami Mandir ward 01 | १०००/- | ४०,०००/- | |
| TBM/W/NCB-12/081/82 | Bhurigaun Dumreni To Sainawar Blacktop Road Construction | ३०००/- | २,९०,०००/- | |

यो सूचनाको विस्तृत जानकारीका लागि PPMO को Website: www.bolpatra.gov.np/egp बाट Download गरि प्राप्त गर्न सकिने छ वा यस नगरपालिकाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ ।

**Invitation for Bids**
**Sudur Paschim Province Government**
**Ministry of Land Management, Agriculture & Cooperatives**
**Directorate of Livestock and Fisheries Development**
**Fisheries Development Center**
**Geta, Kailali**

**Invitation for the Electronic Bids**

**Date of Publication: 8th October, 2024 (2081/06/22 BS)**

1. Fisheries Development Center Geta, Kailali invites electronic bids from eligible bidders for the Procurement, Supply And Delivery Of Readymade Fish Feed And Raw Materials For Broodstock Management And Fish Seed Production under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.

| S. N. | Contract Identification Number | Description of Work | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|
| 1 | FDC/G/NCB/2081/082/01 | Procurement, Supply And Delivery Of Readymade Fish Feed And Raw Materials For Broodstock Management And Fish Seed Production | 1,83,000/- | 3000/- | Hard Copy Not Acceptable |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Fisheries Development Center, Geta, Kailali, Email: fdckailali@gmail.com, Phone no. +977-091-575120 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Office Chief**

# दोलखामा सार्वजनिक सवारी साधनमा टाइम कार्ड लागू

**राजकुमार भुजेल/मध्यान्ह**
दोलखा, २१ असोज



दशैं, तिहार र छठको बेलामा हुने यात्रुको चापलाई ध्यानमा राखेर जिल्ला प्रहरी कार्यालय दोलखाले यात्रु सहायता कक्ष स्थापनासहित सार्वजनिक सवारी साधनमा टाइम कार्ड लागू गरेको छ। चाडबाडमा हुने भीडभाडमा यात्रुको सहजताका लागि जिल्लाको खरिढुङ्गा, सातदोबाटो चरिकोट, सिङ्गटी ,जिरीमा यात्रु सहायता कक्ष स्थापना गरी टाइमकार्ड लागू गरिएको हो।

जिल्ला ट्राफिक प्रहरी कार्यालय दोलखाका अनुसार खरिढुङ्गा-चरिकोट (२२ कि.मी) कम्तीमा १ घण्टा, चरिकोट-किर्नेटार (३९ कि.मी) कम्तीमा १ घण्टा ३५ मिनेट, चरिकोट-जिरी (५६ कि.मी) कम्तीमा २ घण्टा १५ मिनेट र चरिकोट-सिँगटी (३९ कि.मी) का लागि कम्तीमा पनि १ घण्टा ३५ मिनेटको समय तोकिएको छ।

यात्राका क्रममा असहजता महसुस भए ती सहायता कक्षामा उजुरी वा गुनासो गर्नेको लागि ट्राफिक सहायता कक्ष स्थापना गरेको जिल्ला प्रहरी कार्यालय दोलखाका प्रमुख (डीएसपी) युवराज खड्काले बताए। काठमाडौंबाट प्रवेश गर्ने पहिलो खरिढुङ्गा सहायता कक्ष सोमबार जिल्ला प्रमुख अधिकारी टुवाराज पोखेलले गरे। यात्रु सहायता कक्षमार्फत ट्राफिक नियम सचेतना गराउने, क्षमताभन्दा बढी यात्रु राखेको, तोकिएभन्दा बढी भाडा लिएको विषयमा चेकजाँच गर्ने ट्राफिक प्रहरी कार्यालय दोलखाका प्रमुख ठाकुर प्रसाद भट्टराईले बताए। गत असोज ११ र १२ गते आएको बाढीपहिरोले अन्य जिल्लाका विभिन्न भिन्न पक्कि पुलहरू बगाउँदा दोलखा हुँदै काठमाडौं आउने जाने रामेछाप, मन्थली, सोलुखुम्बुलगायतका सवारीसाधन दोलखा हुँदै जाँदा सवारीसाधनको चाप बढेको छ।

सहायता कक्ष उद्घाटन कार्यक्रममा मेलुङ गाउँपालिकाका अध्यक्ष हिरा थोकर, पत्रकार महासंघ दोलखाका अध्यक्ष दिपशङ्कर चौलागाई, भिमेश्वर नगरपालिका-९ का वडा अध्यक्ष हिमाल श्रेष्ठ, स्थानीय, सवारी चालकलगायतको उपस्थिति रहेको थियो।

# तामाङ घेदुङ पोर्चुगलको अध्यक्षमा इमानसिङ तामाङ

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, २१ असोज



युरोपेली मुलुक पोर्चुगलमा रहेका तामाङहरुको प्रथम भेला राजधानी लिस्बनमा सम्पन्न भएको छ। शनिबार सम्पन्न भएको भेलाले नेपाल राष्ट्रिय तामाङ घेदुङ (संघ) पोर्चुगल गठन समेत गरेको छ। भेलाले आगामी दुई वर्षे कार्यकालका लागि इमानसिङ तामाङको अध्यक्षतामा ४५ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो।

जसको वरिष्ठ उपाध्यक्षमा प्रेम गोम्जा, उपाध्यक्षहरुमा सोनाम लामा, सबिना मनाङथेन, फुर्बासिङ दोङ लामा, युवराज लामा, पासाङ लामा र महिला उपाध्यक्षमा निशा तामाङ चयन भएका छन्।

संघको महासचिवमा राजुलामा मोक्तान सर्वसम्मत चयन भएका छन् भने सचिवमा निर्मला तामाङ बज्यु र सहसचिवमा पुनम तामाङ चयन भएका छन्।

भेलाले कोषाध्यक्षमा सागर योञ्जन लामा र सहकोषाध्यक्षमा म्लाङसिङ तामाङलाई चयन गरेको छ। यस्तै संघको युवा संयोजकमा विकास लामा, युवा सहसंयोजकमा लोप्साङ लामा र सांस्कृतिक संयोजकमा विशाल तामाङ चयन भएको संस्थाले जनाएको छ।

संघको सदस्यहरुमा सबी लामा लोप्चन, सेर बहादुर तामाङ, बिरेन तामाङ, लक्ष्मी तामाङ, नरजङ तामाङ, बिल मोक्तान, लमिन तामाङ, सुनिल लामा, बुद्धि तामाङ, सुनबिर लामा, साङ दोर्जे लामा, दावाङ लामा, समिर वाईवा, बिशाल तामाङ सयांङतान, सन्जु मोक्तान, सम्झना तामाङ, सुरेश पाखिन, उदाश तामाङ, सोम बहादुर तामाङ, सोमिला लामा बल, राजेश लामा, सुर्य लो तामाङ, नानु मोक्तान, अलिना तामाङ, जित बहादुर तामाङ, मिन तामाङ, दिपक दोङ, रोमीला तामाङ र विद्यासागर लामा रहेका छन्।

नेपाल राष्ट्रिय तामाङ घेदुङ (संघ)का केन्द्रीय सदस्य सागर योञ्जन तामाङको संयोजकत्व तथा घेदुङका केन्द्रीय प्रतिनिधि सुजन लामा तामाङको उपस्थितिमा संघको पोर्चुगल शाखा गठन गरिएको संस्थाले जनाएको छ।


## Cyprus मा रोजगारको अवसर

कम्पनीः- **Mavromatis Employment Bureau Ltd., Cyprus , Larnaca**

पूर्व स्वीकृती मितिः-२०८१।५।७ चलानी नं. ६०२२४०७३ LT.No. 309381

| सि. नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waitress | 25 | काममा दक्ष | 1283 | १,८८,८०६।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैं | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु.३०,०००।- |

अन्तर्वार्ता २०८१ आश्विन २९ गते ( 15 Oct. , 2024) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ।

नोटः-स्वदेश वा विदेशमा स्टार लेभलको होटेलमा ४ वर्ष काम गरेको अनुभव र अंग्रेजी भाषा राम्रोसंग बोल्न सक्ने हुनु पर्नेछ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला। ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला। सो को १ प्रति आफूसंग राख्नु होला। ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला। अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला।

APPS
Govt. Lice. No.: 1172/073/074

**Apps Services Pvt.Ltd.**
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
website: appsgroup.net, Email:- infoapps1172@gmail.com


लुम्बिनी प्रदेश सरकार
भौतिक पूर्वाधार बिकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
**सडक पूर्वाधार विकास कार्यालय**
कपिलवस्तु

## ठेक्का तोड्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मितिः २०८१/०६/२२)

यस कार्यालय अन्तर्गतको ठेक्का नं. IDORUP/KAP/1013/NCB/076–77/79 Bijaynagar Gaupalika Pahucha Marga, Kapilvastu को कार्य गर्न निर्माण व्यवसायी श्री जलजला निर्माण सेवा बुद्धनगर १० काठमाण्डौसँग मिति २०७७/०८/१० मा भएको सम्झौता बमोजिम सम्पूर्ण निर्माण कार्य मिति २०८०/०३/३० (म्याद थप समेत) मा सम्पन्न गरिसक्नु पर्नेमा सो नगरेको साथै पटक पटक लिखित तथा मौखिक ताकेता गर्दा पनि कुनै प्रतिक्रिया प्राप्त नभएको तथा लापरवाही गरी लामो समयसम्म निर्माण कार्य बन्द रहेको र सम्पन्न गर्नतर्फ कुनै तदारुकता नदेखिएकोले General Condition of Contract GCC को Clause 72.1 (a), (b), (c) र सार्वजनिक खरिद ऐन २०६३ दफा ५९ को उपदफा २ खण्ड (क) र ७ बमोजिम ठेक्का सम्झौता अन्त्य गरिन लागेकोले ठेक्का किन नतोड्ने र ठेक्का नतोड्नु पर्ने कुनै मनासिव कारण भएमा १५(पन्ध्र) दिन भित्र विश्वसनीय स्पष्टिकरणसहित आधिकारिक व्यक्ति यस कार्यालयमा उपस्थित हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। समयमा उपस्थित भई स्पष्टिकरण पेश नगरेमा वा प्राप्त स्पष्टिकरण चित्तबुझ्दो नभएमा यस सूचनालाई अन्तिम ताकेता मानी ठेक्का सम्झौताका शर्तहरु, सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम ठेक्का सम्झौता रद्द गरी तत्पश्चात गरिने सम्पूर्ण कानुनी कारवाहीको प्रक्रिया अगाडि बढाउने व्यहोरा समेत जानकारी गराईन्छ।

## Invitation for Online Bids

### Sidingba Rural Municipality
### Office of the Rural Municipal Executive

**Sablakhu, Taplejung**
**Koshi Province, Nepal.**
**IFB No: SRM/TPJ/NCB/Works/WS/081/082-01**
**First Date of Publication: 2081/06/22 (8th Oct 2024)**

1. Sidingba Rural Municipality, Sablakhu, Taplejung invites electronic bids only from Nepalese eligible bidders under National Competitive Bidding with single stage single envelop Procedure.

| Contract ID No | Name of Project | Estimted cost Exclusive of VAT, contingency and PS | Bid Security Amount NRs. | Bid Fee NRs. | Bid Validity period |
|---|---|---|---|---|---|
| SRM/TPJ/NCB/Works/WS/081/082-01 | Mawa Khola-Limbudin Khane Pani Ayojana. | 9,153,041.73 | 2,80,000.00 | 3000.00 | 120 days |

2. Eligible Bidders may obtain further information from the office of the Sidingba Rural Municipality, Sablakhu, Taplejung, Cont. no: 9852660153 and 9844637808 email: sidingbarmtpj@gmail.com or may visit PPMO's e-GP system www.bolpatra.gov.np/egp.
3. For purchasing & submission of bidding documents from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : Laxmi Bank Limited, Sidingba Branch. Taplejung.**
   **Name of Office : Sidingba Rural Municipality, office of the Rural Municipal Executive, Sablakhu, Taplejung.**
   **Office Account no. : 09303000021 (Sidingba Ga.Pa., Aantrik Rajaswo Khata)**
4. Bids must be submitted through www.bolpatra.gov.np, on or before 12:00 noon on 2081/07/22 (7th November 2024). Documents received after this deadline shall not be accepted.
5. Bids will be opened in the presence of bidder's representatives who choose to attend at the office of Sidingba Rural Municipality, Office of Rural Municipal Executive, Sablakhu, Taplejung on 2:00 pm on 2081/07/22 (7th November 2024). Bids must be valid for a period of 90 days after bid opening and must be accompanied with above bid security,which shall be valid for 30 days beyond the bid validity period.
6. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

### Malikarjun Rural Municipality
### Office of Municipal Executive

**Shankarpur, Darchula**
**Sudurpashchim Province, Nepal**

## Invitation for Bid

**Date of publication: 2081/06/22 B.S. (08/10/2024 AD)**

1. Malikarjun Rural Municipality Office of Municipal Executive, Shankarpur, Darchula invites electronic bid from Nepalese eligible bidders for the construction of following projects under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents via www.bolpatra.gov.np/egp.
3. Electronic bids must be submitted to www.bolpatra.gov.np before 12:00 on 2081/07/23 B.S. (08/11/2024 AD).
4. The Office of Municipal Executive, Shankarpur, Darchula reserves right to amend and correct in Bid Documents, Bid Notice or any other documents at any time in case of any discrepancies or error.
5. For more details, bidders can also visit www.malikarjunmun.gov.np.

| Contract No. | Project Title | Description of Work | Cost of Bid Documents NRs. | Estimated Amount With VAT& PS | Bid Security Amount NRs. |
|---|---|---|---|---|---|
| MRM/NCB/01-2081/082 | Joljibi-Shankarpur Road Ward No. 7-8 Continous | Road Construction work | 3,000/- | 50,12,733.25/- | 1,30,000/- |
| MRM/NCB/02-2081/082 | Joljibi-Chauki-Dharampani-Khetar-Sananichoura-Shankarpur Road | Road Construction work | 3,000/- | 1,91,98,699.47/- | 5,00,000/- |
| MRM/NCB/03-2081/082 | Chyadi-Selichama Road | Road Construction work | 3,000/- | 40,30,346.72/- | 1,10,000/- |
| MRM/NCB/04-2081/082 | Bhawanala-Gadkhola Road | Road Construction work | 3,000/- | 88,38,757.66/- | 2,50,000/- |
| MRM/NCB/05-2081/082 | Matschhekada-Shankarpur-Pasadeu-Banthala Road | Road Construction work | 3,000/- | 89,46,632.81/- | 2,55,000/- |

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
२२ असोज २०८१, मंगलबार
8 October 2024, Tuesday

## सम्पादकीय

# खाँचो अनुगमनको

सामान्य अवस्था हुन्थ्यो भने यतिबेला दशैंको रौनकले अरू सबै कुरालाई ओझेलमा पार्ने थियो । घर फर्कनेहरूको लहर, गाडीको लस्कर, दशैं मनाउन चाहिने सामग्री खरीद गरिरहेकाहरूको भीड जस्ता तस्वीरले सामाजिक सञ्जालदेखि आमसञ्चार माध्यम भरिएका हुने थियो । दशैं उत्सवलाई अवरोध गर्ने सारा कुराहरूको विरोध हुने थियो । तर यो वर्षको दशैं एकप्रकारले खुलेर मनाउने परिस्थिति देखिदैन । दशैं आउनु दुई साता अगाडि मात्र आएको बाढी, पहिरो र डुबानमा परेर मुलुकले ठूलो क्षति बेहोर्नु परेको छ । सरकारी अनुमान अनुसार १७ अर्ब बराबरको क्षति भएको छ । अढाइ सय जनाको मृत्यु र ठूलो संख्यामा बेपत्ता छन् । बाढी पहिरोको बढी प्रभाव रहेको ४१ पालिकामा ज्यान जोगाउनेहरूले पनि घर, खेतबारी र अरू सम्पत्ति गुमाएका छन् । आफन्त गुमाएका, बेपत्ता भएका र सम्पत्ति गुमाएकाहरूले यो दशैं खुलेर रमाउने परिस्थिति छैन ।

बाढी पहिरोबाट प्रत्यक्ष प्रभाव खेप्नु नपरेकाहरूले पनि दशैंमा सास्ती खेप्नु परेको छ । विशेषगरी राजधानी उपत्यकाबाट छुट्ने विभिन्न राजमार्गहरू क्षतिग्रस्त हुँदा घर फर्केर दशैं मनाउन सहज बनिरहेको छैन । यद्यपि जोखिमयुक्त बाटोहरू भएर घर फर्कनेको भीड छ । विशेषगरी बीपी राजमार्ग पूर्ण क्षतिग्रस्त भएकाले वैकल्पिक बाटो भएर घर फर्कनेहरूले महँगो मूल्य चुकाउनु परेको छ । यातायात कम्पनीहरूले तेब्बर बढी मूल्य लिएर गाडी चलाइरहेका छन् । मुलुकका अरू भू-भाग जाने यात्रुहरूबाट पनि साविकको मूल्य भन्दा बढी भाडा लिइदै गरेको गुनासो आइरहेको छ । गाडी भाडा मात्र नभएर राजधानी उपत्यकामा दैनिक उपभोग्य सामग्रीको मूल्य आकाशिएको छ । राजधानी उपत्यका जोड्ने राजमार्गहरू क्षतिग्रस्त हुनुको लाभ उठाउँदै तरकारी, फलफुल र अरू उपभोग्य सामग्रीको मूल्य चर्को बनाइएको छ ।

राज्य चाहिने भनेकै यस्तै संकटका बेला हो । संकटका बेला नागरिक अप्ठ्यारो परिस्थितिमा हुन्छन् । त्यही मौका छोपेर कृतिम मूल्य बृद्धि र उपभोग्य सामग्रीको अभाव सिर्जना गरिन सक्छ । बाढी पहिरो जस्तो प्रकोपमा परेका मानिसहरू ठगिन सक्छन् । तर राज्यका निकायहरूले संकटमा परेका मानिसहरूलाई प्राथमिकतामा राखेर कार्यक्रमहरू सञ्चालन गरिनुपर्छ । त्यसका निम्ति राज्यका निकायहरूबाट हुनुपर्ने भनेको अनुगमन हो । बजार अनुगमनबाट उपभोग्य सामग्रीको कृतिम अभाव र मूल्य बृद्धि रोक्न सकिन्छ । सार्वजनिक यातायातमा लिइरहेको भाडाबारे निर्देशन दिन सकिन्छ । तर सरकारले आफ्नो उपस्थिति संकटमा परेका नागरिकसम्म पुऱ्याएको देखिदैन । त्यसैले उद्धार, राहत र पुनर्निर्माणमा सहयोग नपाइरहेका बाढी पहिरो पीडित नागरिक समेतले कृतिम संकट खेप्नु परिरहेको छ । सँगै समग्र मुलुकका नागरिकले चर्को मूल्यमा दशैं मनाउने परिस्थिति बनिरहेको छ ।

# डिजिटल भान्छा

*अब स्वदेशमै विद्युत खपत बढाउनका लागि महसुलमा समेत छुट दिएर अगाडी बढ्ने नीति लिनुपर्छ । यदि त्यसो भएमा पेट्रोलियम पदार्थ आयातलाई कम गर्दै विस्थापित गर्न समेत सक्ने अवस्था रहन्छ ।*

अग्रलेख



● छबि सापकोटा

नेपाल भान्छा परम्पराबाट डिजिटलमा मोडिँदै गएको छ । यसको प्रमुख भूमिका भान्छामा विद्युतीय उकरणको प्रवेशले देखाएको छ । भान्छामा फ्रिज, माइक्रोओभन, मिक्स्चर, पानी तताउने जगदेखि विद्युतीय चुलोले विद्युतको खपत बढाइरहेको छ । घरमा सबैभन्दा धेरै विद्युतको खपत गर्ने स्थल बनेको छ भान्छा ।

मोडुलर किचनको अवधारणले समेत भान्छालाई डिजिटलतर्फ लैजान मद्दत गरेको छ । भान्सामा प्रयोग हुने उपकरणहरूले विद्युत आवश्यकतालाई बढाइरहेका छन् । पछिल्लो समय भान्छामा विद्युतीय (इन्डक्सन) चुलोले भान्छालाई इलेक्ट्रिक युगमा प्रवेश गराएको छ । पेट्रोलियम पदार्थ, बढ्दो मूल्यवृद्धि र विद्युतमा आत्मनिर्भर बनेको नेपालमा पछिल्लो एक दशकमा विद्युतीय उपकरणमध्ये इन्डक्सन चुलोमा प्रयोग ह्वात्तै बढिरहेको छ ।

प्रविधिमा आएको परिवर्तन र विद्युत उत्पादनमा भइरहेको प्रगतिसँगै विद्युतीय चुलोको खपत दिनानुदिन बढ्दो छ । विशेषगरी सहरी बस्तीहरूमा विद्युतीय चुलोको प्रयोगमा उछाल आएको छ । सरकारले प्रशासनिक क्षेत्र सिंहदरबारमा ग्यासलाई विस्थापित गर्न इन्डक्सन चुलोको प्रयोग गर्ने नीति अघि सारेको छ । देशभित्रै स्वदेशी बिजुलीको खपत गराउने र खाना पकाउने ग्यासको विस्थापन गर्ने अभियानको रूपमा सिंहदरबारमा समेत विद्युतीय चुलोको प्रयोग गरिएको हो । एलपी ग्यासको विकल्पमा इन्डक्सन सुरुवातले हाम्रो भान्छालाई सस्तो बनाएको समेत छ । खाना पकाउने ग्यासमा मात्रै मुलुकको ठुलो धनराशि बाहिरिएको छ ।

तर, अहिले बिस्तारै स्वदेशमै उत्पादन बढिरहेको विद्युतलाई विकल्पको रूपमा इन्डक्सन चुलो बनिरहेको छ । सरकारले उपभोक्तालाई पनि विद्युतीय चुल्होको प्रयोगमा सहुलियत दिनका लागि इन्डक्सन खरिदमा छुटसमेत दिएको थियो । अब स्वदेशमै विद्युत खपत बढाउनका लागि महसुलमा समेत छुट लिएर अगाडी बढ्ने हो भने पेट्रोलियम पदार्थ आयातलाई कम गर्दै विस्थापित गर्न समेत सक्ने देखिन्छ । विद्युतीय चुल्होको प्रयोग नै उपयुक्त विकल्पको रूपमा देशभर अभियानको रूपमा जान सक्ने हो भने घर-घरमा विद्युतीय चुलो प्रवेश हुनेछ । वि.सं. २०७२ सालको नाकाबन्दीको समयदेखि नै नेपालीको भान्सामा विद्युतीय चुलो प्रवेश बाध्यात्मक अवस्थामा प्रवेश गरेको थियो तर, पछिल्लो एक दशकमा ग्यासको तुलनामा विद्युतको प्रयोगले खाना बनाउँदा झन्डै आधा सस्तो पर्ने भएकोले समेत उपभोक्तामा विद्युतीय चुलोप्रतिको आकर्षण बढ्न गएको छ ।

२५ वर्षअघि वि.सं. २०५६ सालमा पाँच जनाका परिवारले मट्टितेलमा खाना बनाउँदा दुई सय ७९, ग्यासमा खाना पकाउँदा चार सय ३० र विद्युतीय चुलोमा पकाउँदा छ सय ८० रुपैयाँ पर्ने गर्थ्यो । त्यति बेला इन्धन सस्तो थियो भने विद्युत महँगो थियो । त्यसैले भान्छामा विद्युतीय उपकरणको प्रयोग निकै कम गरिथ्यो । तर, यो २५ वर्षको अन्तरालमा आजको दिनमा हेर्ने हो भने मट्टितेलमा पाँच जनाको परिवारलाई एक महिना खाना बनाउँदा तीन हजार, ग्यासमा दुई हजार र विद्युतीय चुलोमा खाना बनायो भने मात्र नौ सय मात्र पर्ने एक अध्ययनले देखाएको छ । यसले के देखाउँछ भने अब भान्छालाई सस्तो बनाउने र पेट्रोलियम पदार्थले गराएको व्यापार घाटालाई कम



गर्नका लागि विद्युतीय चुलोलाई भरपर्दो रूपमा अगाडी बढाउनै पर्छ ।

गत वर्ष ५३ अर्बको एलपीजि ग्यास आयात भएको छ । यसलाई विस्थापन गर्नका लागि विद्युतीय चुलोको प्रमुख भूमिका देखिन्छ । नेपालमा ९८ प्रतिशत विद्युतको पहुँच पुगेको छ । आगामी आर्थिक वर्ष शत प्रतिशत पुऱ्याउने लक्ष्य प्राधिकरणको छ । ग्यासको तुलनामा ५० प्रतिशतभन्दा सस्तो र नेपालको ऊर्जालाई स्वदेशमै खपत बढाउनका लागि पनि इन्डक्सन चुलो कडी बनिरहेको छ ।

विज्ञहरूको भनाइलाई आधार मान्दा नेपाल आयल निगमले ग्यासमा दिएको सहुलियत बन्द गर्ने हो भने आयातित ग्यासको मूल्य अझै बढ्छ र जनता आफै विद्युतीय चुलोको प्रयोग बढाउँछन् । तर सरकारले विद्युतको क्षमता बढाइदिनुपर्छ । अहिले जसरी सहरी भान्छामा विद्युतीय चुलोको प्रवेश भएको छ, यसलाई गाउँबस्तीसम्म पुऱ्याउने अभियानको रूपमा अगाडी बढाउने हो भने नेपालको समृद्धिको यात्राको सुरुवातमा अग्रपत्तिंमा विद्युतीय भान्छा बन्न सक्छ ।

### पाँच वर्षमा विद्युतीय चुलो आयात

- आर्थिक वर्ष २०७६/७७ मा १० हजार ४३५ थान विद्युतीय चुलो आयात
- आर्थिक वर्ष २०७७/७८ मा कुल १ लाख ५५ हजार ५९० थान विद्युतीय चुलो आयात
- आर्थिक वर्ष २०७८/७९ मा कुल १ लाख ६७ हजार १७९ थान विद्युतीय चुलो आयात

*विद्युतीय चुलोको उपयोग बढाएर राज्यको ढुकुटी बलियो बनाउने की पेट्रोलियम पदार्थको आयातलाई बढाएर व्यापार घाटा बढाउने ? प्रश्न गम्भीर छ । वर्षेनी भान्छामा प्रयोग हुने विद्युतीय उपकरणको प्रयोग बढाउँदै पेट्रोलियम पदार्थको आयातलाई घटाउँदै लगेमा छिट्टै बाह्य व्यापार घाटासमेत रोक्न सकिन्छ ।*

- आर्थिक वर्ष २०७९/८० मा २ लाख ६ हजार ६८७ थान विद्युतीय चुलो आयात
- आर्थिक वर्ष २०८०/८१ मा १ लाख ७० हजार २४५ थान विद्युतीय चुलो आयात

जसरी अहिले नेपाली भान्सामा विद्युतीय उपकरणले काम गर्न सहज बनाएको छ, त्यति नै विद्युतको प्रति व्यक्ति खपतसमेत बढाएको छ । विद्युतको सहजताले विद्युतीय उपकरणको आवश्यकता अपरिहार्य बनेको छ । भान्छा विद्युत उपकरण नदेख्ने हो भने किन प्रयोग नगरेको भनेर प्रश्न गर्नुपर्ने अवस्था छ । यस्तै, अझै पनि देशका ग्रामीण भेगसम्मको विद्युतीय उपकरण चलाउनका लागि विद्युत सस्तो र भरपर्दो छ भन्ने मात्र सन्देश जाने हो भने विद्युत खपतको थलो बन्न सक्छ भान्छाघर । अहिले घरायसी प्रयोजनमा प्रयोग हुने एलपीजी ग्याँस महँगो र विद्युत् नियमित हुन थालेपछि उपभोक्ताले विद्युतीय चुलोको प्रयोग बढाउन थालेका हुन् । विद्युतीय चुलो आयात र खाना पकाइने प्रयोजनका लागि विद्युतीय ऊर्जा खपतसमेत बढ्दै गएको सरकारी तथ्यांकले देखाएको छ । नेपालका लागि वरदान साबित हुँदै गएको विद्युतीय उपकरण देश र जनताको लागि समेत अवसर हो ।

विद्युतीय चुलोको उपयोग बढाएर राज्यको ढुकुटी बलियो बनाउने की पेट्रोलियम पदार्थको आयातलाई बढाएर व्यापार घाटा बढाउने ? प्रश्न गम्भीर छ । बर्सेनि भान्छामा प्रयोग हुने विद्युतीय उपकरणको प्रयोग बढाउँदै पेट्रोलियम पदार्थको आयातलाई घटाउँदै लगेमा छिट्टै बाह्य व्यापार घाटासमेत रोक्न सकिन्छ ।

## सामाजिक सञ्जाल



**- शिखर घिमिरे**

ग्यालेक्सीका सञ्चालक जीबी राईका पार्टनर छविलाल जोशी पक्राउ परे, अनुसन्धानमा छन्, अर्का पार्टनर रवि लामिछाने चर्का भाषण गरिरहेकै छन् । उही कम्पनीका एक पार्टनर चर्का भाषण गर्दै हिँड्ने अर्का हिरासतमा रहने ? यो छविमाथि अन्याय भएन र ? यो सहकारी पीडित जनतामाथि अन्याय भएन र ?



**- धर्मेन्द्र जोशी**

नेपालमा बोल्न सक्नु पर्दछ, बाँकी त्यस्तै हो । अब प्रचण्ड हेर्दाहेर्दै लेनिन बन्दै । २०८४ मा माओवादीले एक्लै चुनाव लड्ने र बहुमत ल्याउने । अब आएर प्रम ओलीले 'गैडाज् र डाँफेज'बाट नेपाललाई चिनाउने । नवराजावादी मिश्रले राजा फर्काउने । महतोले क्रान्ति गर्ने । रविले सहकारी पीडितहरूलाई न्याय दिने ।



**- विनोद न्यौपाने**

सर्वसाधारणदेखि विज्ञहरू डोजर, ढुंगाखानी, क्रसर उद्योग, बालुवा निकाल्ने आदि प्राकृतिक दोहनको व्यापारबारे र बायो-इन्जिनियरिङका विषयहरू पत्रपत्रिका र सामाजिक सञ्जालमा उठाइरहेका छन् । सरकार, कर्मचारीतन्त्र, जनप्रतिनिधि र पार्टी नेतृत्वहरू कानमा तेल हालेर बसेका देखिन्छ ।



**- रञ्जित तामाङ**

खोला र नदी किनारामा क्रसरले उपद्रो मच्चाउने ! पाखा भित्ता डोजरले अन्धाधुन्ध कोतर्ने ! एकसरो लुगा लगाउन र एक थाल भात खानका लागि यो हदसम्मको ज्यादती गरेपछि प्रकृतिले पनि थप्पड हानेर बदला लिनु स्वाभाविक हो । प्रकृति सर्वस्व हो । मनुष्यहरू ! प्रकृतिलाई हेप्दा दुःख पाइन्छ ।

# डिजिटलाइजेसन र भौतिक मुद्रा

विचार



● नारायण अर्याल



हाम्रो दैनिक जीवनमा हरेक वस्तु तथा सेवाको खरिद गर्दा भुक्तानीको माध्यम बन्दै आएका मूल्य बोकेका नोटहरू कतै इतिहास त बन्दै छैनन् भन्ने महत्वपूर्ण परिदृश्य देखिन लागेको छ । विश्वबाट अहिले नै भौतिक मुद्राको अन्त्य त भैसकेको छैन तर, कारोबार वा संकलनको स्वरूपमा ठुलो परिवर्तन भने भएको छ । सूचना प्रविधिको विकाससँगै मुद्राको मूल्य र स्वामित्व कायम हुने गरी स्वरूपमा परिवर्तन भएको छ, अर्थात् भौतिक मुद्राहरू डिजिटल मुद्राको रूपमा रूपान्तरण भइरहेका छन् ।

अहिले एउटा मजदुरले आफ्नो मजदुरी बापतको मूल्य मालिकसँग भौतिक मुद्राको रूपमा बुझ्नुपर्ने र त्यसलाई खल्तीमा राख्नुपर्ने अभ्यासको लगभग अन्त्य भएको छ । साथै, मालिकले आफ्नो नाफाबापत आर्जन गर्ने ठुलो रकम पनि अब भौतिक मुद्राको रूपमा संकलन गर्नुपर्ने अवस्था छैन । त्यति मात्रै होइन, हाम्रो दैनिक जीवनमा आवश्यक खरिद तथा बिक्रीको प्रक्रियामा भुक्तानीका लागि दुई पक्षबिचमा भौतिक मुद्राको आवश्यक नै पर्दैन ।

अझ रोचक प्रसङ्ग, हामी हिन्दु नेपालीहरूको महान् चाड दसैं र तिहारको राष्ट्रिय माहौलमा प्रवेश गरेका छौं । परम्पराअनुसार दसैंमा टिका लगाउँदा नाता-सम्बन्धअनुसार दक्षिणा दिने प्रचलन रहिआएको छ । त्यसरी दक्षिणा दिने प्रक्रियामा पनि पछिल्लो समयमा धेरैले डिजिटल दक्षिणाको प्रयोग गर्न थालिसकेका छन् ।

पछिल्लो समयमा देशका अधिकांश नागरिकको पहुँचमा बैंकिङ प्रणालीमा पुगेको छ । साथै, इन्टरनेटको कारणले डिजिटल बैंकिङको सुविधा पनि वित्तीय साक्षर भएका र प्रयोग गर्न सक्ने वा जान्ने सबै नेपालीको बिचमा पुगेको छ । सरकारले लामो समयदेखि प्रदान गर्दै आएको सामाजिक सुरक्षा भत्तालाई बैंकिङ प्रणालीमा जोडेको छ । जसले गर्दा वृद्ध वृद्धाहरू पनि बैंकिङ प्रणालीमा जोडिन आइपुगेका छन् । साना बालबालिकाहरू र फरक क्षमता भएका अशक्त व्यक्तिहरू बाहेक अधिकांश नागरिकहरू बैंकिङ प्रणालीमा जोडिन पुगेका छन् । यति मात्रै नभएर मोबाइल नम्बरको सहायताले बालबालिकाहरू समेत मोबाइल वालेटमा सञ्चालन गर्न अभ्यस्त भइसकेका छन् ।

यी सबै विषयहरू र व्यवहारिक अभ्यासलाई हेर्दा, देशको ठुलो जनसंख्याले आजको दिनमा आफ्नो हरेक कारोबारमा भौतिक मुद्रा नभएर डिजिटल लेनदेन गर्न थालेको पाइन्छ । जसले भौतिक मुद्राको प्रयोगलाई ठुलो मात्रामा घटाएको छ । विश्व नै दिनप्रतिदिन थप डिजिटल उन्मुख हुँदै गएको छ । जसले आजको तुलनामा भोलि मानिसहरूका क्रियाकलापहरू भौतिक रूपमा भन्दा पनि डिजिटलमा नै केन्द्रित हुनसक्ने देखिन्छ ।

अधिकांश विकसित मुलुकहरू औपचारिकदेखि अनौपचारिक काममा 'पेपरलेस'को अभ्यास सुरु भइसकेको छ । हाम्रो देशले पनि पेपरलेसको अभ्यासलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम अगाडि बढाउँदै आएको छ । अहिले धेरै कार्यालयसम्बन्धी औपचारिक कामहरू पेपरलेस प्रक्रियामा नै हुन्छ ।

सूचना प्रविधिको तीव्र विकास र हामीले चढ्दै गरेका सिँढीहरूले हाम्रो माझमा निकै महत्वको रूपमा रहेको भौतिक मुद्रा, जो कागजी नोट र खनिजका मुद्राहरू निकट भविष्यमा अस्तित्वमा नै नरहन सक्ने अनुमान गर्न सकिने भएको छ । नेपाल राष्ट्र बैंकले पछिल्लो समयमा सार्वजनिक गरेको तथ्यांकले गत आर्थिक वर्ष २०८०/८१ को असारमा तीन खर्ब ७३ करोड बराबरको मोबाइल बैंकिङ कारोबार भएको थियो । अघिल्लो आर्थिक वर्ष २०७९/८० को असारमा त्यस्तो कारोबार एक खर्ब ६३ अर्ब बराबरको थियो ।

मोबाइल बैंकिङ मात्रै नभएर आर्थिक वर्ष २०८०/८१ को असार महिनामा कनेक्ट आइपिएसबाट भुक्तानी छ खर्ब ६६ अर्ब बराबरको भएको थियो, जुन प्रकृतिको भुक्तानी अघिल्लो आर्थिक वर्ष २०७९/८० को असारमा तीन खर्ब ६९ अर्ब बराबरको मात्रै भएको थियो । कनेक्ट आइपिएस, मोबाइल बैंकिङ मात्रै नभएर डिजिटल भुक्तानी प्रक्रियामा पछिल्लो समयमा इन्टरनेट बैंकिङ, वालेट, क्युआर कोड लगायतका विषयहरूको प्रयोग बढ्दै गएको तथ्यांकले देखाएको छ ।

केन्द्रीय बैंकले एक पटक प्रयोग भएका धेरै भौतिक मुद्राहरू दोस्रो पटक प्रयोग हुन छाडेको जनाएको छ । सोही कारणले नै अहिलेको दसैंमा नयाँ नोटसमेत नछापिएको एउटा कारण रहेको राष्ट्र बैंकको भनाइ छ । तथ्यांक र व्यवहारिक अभ्यासहरू हेर्दा भौतिक मुद्राको अस्तित्व चाहेर पनि बिस्तारै आवश्यक नहुँदै जाने हो कि भनेर सजिलै अनुमान गर्न सकिन्छ ।

## तपाईंको राशिफल


| | | |
|---|---|---|
| मेष | : | व्यर्थको यात्रा र हैरानी हुनेछ । साहसिक कार्य सफल हुनेछ । |
| वृष | : | प्रभावमा वृद्धि हुनेछ । सुखद समाचार प्राप्त हुने योग छ । |
| मिथुन | : | आजको दिन सामान्य रूपमा जान्छ । इच्छामाथि नियन्त्रण राख्नुहोला । |
| कर्कट | : | नयाँ साथी बन्नेछन् । कर्मचारीहरूमाथि नजर राख्नुपर्छ । |
| सिंह | : | अर्कामाथि भरोसा नगर्नुहोला । विवाद हुने योग छ । |
| कन्या | : | पराक्रममा बढ्नेछ । जीवनसाथीको राम्रो सहयोग प्राप्त हुनेछ । |
| तुला | : | यात्रा सफल हुनेछ । आनन्दमा वृद्धि हुने योग छ । |
| वृश्चिक | : | अनावश्यक जिम्मेवारी लिनु हुँदैन । कार्यहरूमा वृद्धि हुनेछ । |
| धनु | : | धैर्यमा वृद्धि र दैनिक सबै कार्यमा सफलता प्राप्त हुनेछ । |
| मकर | : | भवन निर्माणमा खर्च हुनेछ । आहारमा ध्यान दिनुहोला । |
| कुम्भ | : | महत्वपूर्ण भेटघाट सफल हुनेछ । स्वास्थ्य लाभ हुनेछ । |
| मीन | : | पैतृक सम्पत्ति प्राप्तिको योग छ । स्वास्थ्य राम्रो रहनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# उपचारको पैसा बुझाउन नसक्दा अस्पतालमै बन्धक !

**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, २१ असोज



विराटनगरस्थित विराट नर्सिङहोम प्रा.लि.मा उपचाररत ४ वर्षीया बालिकाको अभिभावकले पैसा बुझाउन नसक्दा अस्पतालले बन्धक बनाएको पाइएको छ। बालिकाको उपचारबापत अस्पताललाई दुई लाख बढी रुपैयाँ बुझाउन बाँकी रहेको उनका आफन्तले जानकारी दिएका छन्।

सप्तरीको अग्नि साइर कृष्णा संवरण गाउँपालिका-२ जन्डौल बस्ने रामचन्द्र सदाको छोरी पुस्तिका कुमारी सदा विगत २५ दिनदेखि उक्त अस्पतालमा बन्धक रहेको आफन्त कुन्ती सदाले जानकारी दिइन्। श्वासप्रश्वासको समस्या लिएर भर्ना भएकी पुस्तिका कुमारी सदाको अभिभावकले पैसा बुझाउन नसक्दा अस्पतालले बन्धक बनाएको अस्पताल नजिकै सञ्चालनमा रहेको मार्क मेडिकोका सञ्चालक सिरहाको लहान नगरपालिका-२२ बस्ने जियल चौधरीले बताए।

विराटनगर महानगरपालिका-२ स्थित रहेको उक्त अस्पतालमा गत भदौ २२ गते भर्ना भएकी बालिका एक हप्तामै निको भएको महादेवा गाउँपालिका-४ बस्ने आफन्त सदाले बताइन्। उनका अनुसार निको भएता पनि पैसा बुझाउन नसक्दा अस्पतालले घर जान दिएनन्।

मार्क मेडिकोका सञ्चालक चौधरीले औषधि बापतको ९५ हजार रुपैयाँसमेत गरी करिब ३ लाख बढी रुपैयाँ ती बालिकाको अभिभावकले तिर्न बाँकी रहेको बताए। उनले बालिकासँगै आमा रन्जु सदा र मावली हजुरआमाले अहिलेसम्म उक्त अस्पतालमा बालिका कुर्दै आएको बताए। यस सम्बन्धमा माध्यान्हकर्मीले बालिकाको आमासँग फार्मेसी सञ्चालकको फोनमार्फत बुझ्न खोज्दा उनका भाइले आफूहरुलाई बिरामी र कुरुवासँग अस्पतालले भेट्न नदिएको बताए। अस्पतालको रकम बुझाउन नसकेपछि उनीहरु बन्धकमा परेको उनले बताए। अस्पताल प्रशासन शाखाका अधिकृत साजन पासवानले ती बालिकाको अभिभावकले उपचार बापतको रकम बुझाउन नसक्दा अस्पतालले घर जान नदिएको स्वीकार्छन्। उनका अनुसार बालिका अहिलेसम्म अस्पतालमै छिन् भने अभिभावकले पैसा बुझाउन सकेका छैनन्।

# जुवेलमा दुईदिने राहदानी शिविर सम्पन्न



